आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट एउटा सामान्य वार्षिक दस्तावेज मात्र होइन । यो तीन ऐतिहासिक पृष्ठभूमिमा प्रस्तुत हुने बजेट हो :

- मार्च २०२६ मा जनादेश पाएको नयाँ सरकारको पहिलो पूर्ण बजेट ।
- निजी क्षेत्रको मनोबल खस्केको र मुलुकको उत्पादनशीलता विकल्पहीन ढङ्गले खुम्चिएको पृष्ठभूमिमा प्रस्तुत हुने बजेट ।
- नोभेम्बर २०२६ मा हुने अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिको पहिलो बजेट ।

आज निजी क्षेत्रको तर्फबाट हामी सरकारसमक्ष केही स्पष्ट र गम्भीर आग्रह राख्न चाहन्छौं ।

- **सबैभन्दा पहिले, अब नेपालको आर्थिक मोडेल पुनर्विचार गर्नुपर्छ ।**
  विप्रेषण, आयात र उपभोगमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन सक्दैन । उत्पादनशील उद्योग, निर्यात, रोजगारी र उद्यमशीलतामा आधारित अर्थतन्त्र निर्माण गर्नुपर्छ । किनभने स्तरोन्नति पछिको विश्व प्रतिस्पर्धामा टिक्ने आधार भनेकै उत्पादन क्षमता हो ।
- **आज औद्योगिक उत्पादन ४० प्रतिशत क्षमतामा सीमित छ ।**
  निर्माण उद्योग इतिहासकै कठिन अवस्थामा छ । कुल ग्राहस्थ पूँजी निर्माणमा निजी क्षेत्रको योगदान चार वर्षमा २८ प्रतिशतबाट घटेर १६

प्रतिशतमा झरेको छ । बजारमा माग छैन, लगानी विस्तार रोकिएको छ, खराब कर्जा बढिरहेको छ । यस्तो अवस्थामा निजी क्षेत्रलाई दोषी देखाएर होइन, साझेदार मानेर अगाडि बढ्नुपर्छ ।

- **मध्यपूर्वमा विकसित संकटले नेपालको अर्थतन्त्रमा थप दबाब सिर्जना गरेको छ ।**

  वैदेशिक रोजगारी, विप्रेषण, विदेशी मुद्रा आम्दानी र समग्र आर्थिक गतिविधिमा यसको प्रत्यक्ष असर पर्ने देखिएको छ । अनुमान अनुसार यसले नेपालको कुल ग्राहस्थ उत्पादनमा झण्डै १ दशमलव ८ प्रतिशत बराबरको असर पार्न सक्छ । त्यसमाथि, २०४५ सालपछि नेपालको जनसांख्यिक लाभ पनि क्रमशः समाप्त हुँदै जानेछ ।

  त्यसैले अब "रेमिट्यान्सले धानिरहेको अर्थतन्त्र" बाट "उत्पादनले धान्ने अर्थतन्त्र" तर्फ जानुको विकल्प छैन ।

हामी सरकारलाई आग्रह गर्दछौं कि,

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाइयोस् ।

"स्वदेशी मन, स्वदेशी भन र स्वदेशी बन" भन्ने सोचलाई नीतिगत प्राथमिकता दिइयोस् ।

- **दोस्रो, अब नीतिगत स्थिरता र कर प्रणालीमा विश्वास निर्माण अनिवार्य भएको छ ।**

  नेपालमा दुई दशकमा औसत आर्थिक वृद्धि ४ प्रतिशत हुँदा करको वृद्धि दर

११ प्रतिशत पुगेको छ । जिडिपीको अनुपातमा राजस्व १९ प्रतिशतभन्दा माथि पुगेको छ, जुन दक्षिण एशियाकै उच्च कर भारमध्ये एक हो । तर करको उच्च दरले राजस्व मात्र बढाएको छैन, अनौपचारिक कारोबार, अवैध व्यापार र उद्यम पलायन पनि बढाएको छ ।

- **हरेक वर्ष कर नीति बदलिने प्रवृत्तिले लगानीकर्ताको विश्वास कमजोर भएको छ ।**

  त्यसैले सालबसाली आर्थिक ऐनको अस्थिर अभ्यास अन्त्य गरी व्याख्यासहितको एकल राजस्व संहिता लागू गरिनुपर्छ । राजस्व प्रशासनलाई स्थायी, पारदर्शी र पूर्वानुमानयोग्य बनाउन अधिकार सम्पन्न राजस्व बोर्ड गठन गरिनुपर्छ । कर कानून भूतप्रभावी रूपमा लागू नहुने स्पष्ट प्रत्याभूति दिइनुपर्छ ।

आर्थिक कसुरलाई फौजदारी अपराधसरह व्यवहार गर्ने अहिलेको सोचले व्यवसायिक वातावरण बिगारेको छ ।

आर्थिक गतिविधिमा त्रुटि भए आर्थिक जरिवाना हुन सक्छ, तर उद्यमशीलतालाई अपराधीकरण गरिनु हुँदैन ।

- **तेस्रो, नेपालले स्तरोन्नति पछिको प्रतिस्पर्धाका लागि विशेष** "Post-LDC Competitive Package" **ल्याउनुपर्छ ।**
- स्तरोन्नतिपछि नेपालले पाउँदै आएको प्राथमिकताप्राप्त बजार पहुँच क्रमशः घट्नेछ ।

  ढुवानी लागत, उत्पादन लागत र वित्तीय लागतका कारण नेपाली उत्पादन

अझै कमजोर प्रतिस्पर्धामा पुग्ने जोखिम छ । त्यसैले निर्यातजन्य उद्योग, विशेष गरी कपडा, कार्पेट, गार्मेन्ट, पश्मिना, फेल्ट लगायतका क्षेत्रमा दीर्घकालीन एकीकृत नीति आवश्यक छ ।

- साथै, नेपालका कम्पनीहरूले निर्यातबाट आर्जित आम्दानीको निश्चित हिस्सा विदेशमा लगानी गर्न पाउने स्पष्ट कानुनी व्यवस्था गरिनुपर्छ । यसले नेपाली कम्पनीलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विस्तार हुन मद्दत गर्छ ।
- आज व्यवसाय सञ्चालनभन्दा धेरै कठिन "व्यवसाय जोगाइराख्नु" भएको छ ।

  निजी क्षेत्र विभिन्न निकायको दोहोरो–तेहोरो नियमन, कमजोर सेवा प्रवाह, ढिलो निर्णय र अस्थिर नीतिबाट थाकेको छ । त्यसैले डिजिटल सेवा प्रवाह, सुशासन र एकद्वार प्रणालीलाई उच्च प्राथमिकता दिनुपर्छ ।

- खुला सीमाका कारण भइरहेको चोरी पैठारी नियन्त्रण गर्न जिम्मेवार निकाय स्पष्ट तोकी उत्तरदायी बनाइनुपर्छ । साफ्टा अन्तर्गत तयारी वस्तु कच्चा पदार्थभन्दा सस्तो आयात हुने विकृति अन्त्य गर्न तत्काल नीति सुधार गरिनुपर्छ ।
- रुग्ण उद्योग पुनः सञ्चालनका लागि PPP र निजी क्षेत्रमैत्री विशेष स्किम ल्याइनुपर्छ ।

  ऊर्जा, प्रसारण लाइन, पम्प स्टोरेज, पूर्वाधार, टनेल, औद्योगिक क्षेत्र

लगायतका क्षेत्रमा BOT र PPP मोडेल प्रभावकारी बनाइनुपर्छ ।

भायबिलिटी ग्याप फण्डमार्फत निजी लगानी प्रोत्साहन गरिनुपर्छ ।

कृषि, पर्यटन, जडीबुटी, चिया, कफी, सूचना प्रविधि र सेवा निर्यातलाई उच्च प्राथमिकता दिइनुपर्छ ।

नेपाललाई अब केवल उपभोक्ता बजार होइन, उत्पादन र सेवा निर्यात गर्ने राष्ट्र बनाउनुपर्छ ।

अन्त्यमा,

हाम्रो "छ स्तम्भ, साठी पहल" केवल मागहरूको सूची होइन ।

यो सरकार र निजी क्षेत्र मिलेर लगानी, रोजगारी, उत्पादनशीलता र आर्थिक वृद्धि कसरी बढाउने भन्ने साझा राष्ट्रिय रूपरेखा हो ।